# आयुर्वेद चिकित्सा परिषद –नेपाल

**आयुर्वेद स्नातक (बी.ए.एम.एस.) उत्तीर्णहरूको स्थायी नाम दर्ता सम्वन्धी लाइसेन्सिङ परीक्षाको पाठ्यक्रम**

## १) मौलिक सिद्धान्त

आयुर्वेदको अवतरण, प्रकृति, शरीर, मन, आत्मा, दोष-भेद-स्थान-कर्मको ज्ञान । धातु, उपधातु, मल संख्या, नाम पञ्चमहाभूतको ज्ञान । द्रव्य-गुण-कर्म-सामान्य-विशेषादिको ज्ञान । प्रमाण-प्रत्यक्ष, अनुमान-आप्तोपदेश, युक्ति, कारण आदिको ज्ञान र मौलिक सिद्धान्तका समग्र बिषयहरूको ज्ञान ।

## २) शरीर रचना र क्रिया विज्ञान

शरीर रचनागत गर्भशरीर (गर्भको परिभाषा, सूक्ष्म-रचनात्मक परिचय, गर्भाधान, गर्भ पोषण, अपरा निर्माण, अङ्ग-प्रत्यङ्ग निर्माण आदिको ज्ञान) अस्थिशारीर, सन्धिशारीर, लसिका संस्थान, पेशी शारीर, सिरा-धमनी र स्रोतस् शारीर एवं विभिन्न संस्थानहरूको ज्ञान । ग्रन्थि-कला –त्वक्–मर्म, इन्द्रिय शरीरको ज्ञान । सञ्चय, प्रकोप, प्रसर आदि षटक्रियाकालको ज्ञान, दोषहरूको विकारकारित्व, ब्याधिजनकत्व, दोषहरू वात–पित्त–कफहरूको भेदानुसार स्थान–गुण–कर्मको ज्ञान । प्राणवहस्रोतस, रक्त परिभ्रमण, हृत्कार्यचक्र, रक्तचाप, नाडीको ज्ञान । श्वास–प्रश्वास र अग्निहरू, पाचन पोषण–सात्मीकरणबारे क्रियाहरूको ज्ञान । दोष–धातु–मल एकादशेन्द्रियको ज्ञान । स्वतन्त्र र परतन्त्र नाडी संस्थान, अन्तःस्रावी ग्रन्थिहरूको कार्य र क्षय–वृद्धिका लक्षणको ज्ञान ।

## ३) द्रव्यगुण

द्रव्यगुणशास्त्रको परिभाषा, रस–गुण–वीर्य–विपाक–प्रभावको ज्ञान । कर्मवाचक शब्दहरू जस्तै, दीपन–पाचन आदिको परिभाषा, गणहरू, भेषज प्रयोग गर्दा विचारणीय पक्षहरू जस्तै देश–काल–बल आदिको ज्ञान ।
निम्न द्रव्यहरूको नेपाली, संस्कृत र लेटिन नाम, कुल, सामान्य परिचय, मुख्य रासायनिक घटक, आमयिक प्रयोग, सांस्थानिक कर्म, विषाक्त प्रभाव र त्यसको निवारण, प्रयोज्य अङ्ग, मात्रा एवं औषधि योग बारे ज्ञान ।

| | | | | | |
|---|---|---|---|---|---|
| अर्क | एलाद्वय | गुडुची | दन्ती | पिप्पली | रास्ना |
| अगरू | कर्कटशृङ्गी | गुग्गुल | दाडिम | पुनर्नवा | लताकरञ्ज |
| अग्निमन्थ | काञ्चनार | गोक्षुर | दारूहरिद्रा | पुष्करमूल | लवङ्ग |
| अजमोदा | कुटज | चाङ्गेरी | देवदारू | पृश्निपर्णी | लोध्र |
| अर्जुन | कण्टकारी | चित्रक | धत्तूर | बला | वासा |
| अतिवला | कपिकच्छु | चन्दन | धातकी | ब्राह्मी | वचा |
| अतिविषा | कुपिलु | जम्बु | धान्यक | बृहती | वरूण |
| अपामार्ग | कुमारी | ज्योतिष्मती | नागकेशर | भल्लातक | वाकुची |
| अश्वगन्धा | करञ्ज | जातिफल | नागवला | भृङ्गराज | विभीतक |
| अशोक | करवीर | जटामसी | निम्ब | मधुयष्टी | विडङ्ग |
| अहिफेन | किराततिक्त | जीरक | निम्बुक | मरिच | सप्तपर्ण |
| आर्द्रक | कुष्ठ | त्वक् | निर्गुण्डी | मण्डूकपर्णी | सर्पगन्धा |
| आमलकी | कृष्णजीरक | तुलसी | पटोल | मुस्तक | सारिवा |
| आरग्वध | कुष्माण्ड | तुवरक | पलाश | मिश्रेया | हरीतकी |
| इन्द्रवारूणी | खदिर | तालिशपत्र | पाठा | यवासा | हिङ्गु |
| उशीर | गम्भारी | तेजोह्वा | पाटला | यवानी | हरिद्रा |
| एरण्ड | गन्धप्रसारिणी | त्रिवृत | पारसीकयवानी | रसोन | |

### ४) रसशास्त्र, भैषज्य कल्पना

रसशास्त्र र भैषज्य कल्पनाको परिभाषा, लवण पञ्चक, क्षार पञ्चक, मधुरत्रय आदिको ज्ञान । परिभाषा प्रकरण, औषधि निर्माणका पुट–मूषा–कोष्ठीको ज्ञान । रसको पर्याय, रसौषधिहरूको निर्माण बिधि, मात्रा, गुण, आमयिक प्रयोग, उपरस–महारस, धातु, उपधातु, रत्न–उपरत्न, बिष–उपविष आदिको ज्ञान ।
भैषज्य कल्पनाका आधारभूत सिद्धान्तहरू, पञ्चबिध कषाय कल्पना, चूर्ण, वटी, आसव, अरिष्ट, घृत, तैल आदिको निर्माण, प्रयोग, मात्रा र पथ्य निर्माणको ज्ञानको साथै औषधि संरक्षण विधिको ज्ञान ।

### ५) स्वस्थवृत्त, व्यवहार आयुर्वेद र अगदतन्त्र

वैयक्तिक, सामाजिक एवं पर्यावरणीय स्वास्थ्यको ज्ञान । आहार विधि, मात्रा, काल भूमि, जल, वायु, तेजको विकृति एवं जनपदोद्ध्वंशको ज्ञान । स्वास्थ्य रक्षा, रोग प्रतिरोधात्मक उपायहरू, जनसंख्या, परिवार कल्याण, शिशु कल्याण कार्यक्रमहरू र अन्तर्राष्ट्रिय सहयोग बारे ज्ञान । त्यस्तै योग तथा प्राकृतिक चिकित्साको ज्ञान ।
स्थावर, जङ्गम, रासायनिक, कृत्रिम विषहरूको ज्ञान, विष परीक्षा, विषाक्त प्रभावहरू र त्यससम्वन्धी उपचारको ज्ञान । व्यवहार आयुर्वेदसम्बन्धी शव–परीक्षण विधि, न्यायिक वैद्यवारे ज्ञान ।

### ६) रोगविज्ञान तथा विकृति विज्ञान

दोष–धातु–मलहरूको उपचय, वृद्धि र क्षयका लक्षणहरू, दोषहरूको संचय, प्रकोप–प्रसर आदिको ज्ञान । दोष दूष्यहरूको कोष्ठ–शाखाश्रय, दोषका कर्महरू, रोग मार्गहरू, विकृति विज्ञानको परिभाषा र महत्व, स्रोतहरूको विवरण, महत्व, स्रोतोवैगुण्य, स्रोतोदुष्टिका कारण, लक्षणहरूको ज्ञान । स्थानस्थ धातु विकृति, रोगका प्रकारहरू र तिनीहरूका विशेष अवस्थाहरू जस्तै– आम–पक्वको निरूपण, निदान पञ्चकको महत्व ।
विभिन्न स्रोतवह जस्तै रसवह, रक्तवह, प्राणवह, उदकवह, अन्नवह, मेदोवह, मनोवह, स्रोत एवं वातनाडी स्रोतका रोगहरूको विशिष्ट ज्ञान । जीवतिक्ति (भिटामिन) हीनताजनित रोगहरू, रोगोत्पत्तिमा सूक्ष्म जीवाणुहरूको भूमिका, परजीवीहरूको प्रकार, स्वरूप, रञ्जन विधि, जीवन चक्र, निर्जीवीकरण, कृत्रिम उत्पादनहरूको सामान्य परिचय, कफ–मल–मूत्र–रक्त–क्षकिरण परीक्षण आदिको ज्ञान । रोग एवं रोगी परीक्षण जस्तै, वक्ष–नाडी–उदर साथै त्रिविध प्रमाणअनुसार चतुर्विध, पञ्चेन्द्रिय परीक्षा र प्रश्न अष्टविध रोगी परीक्षणको ज्ञान ।

### ७) काय चिकित्सा

आधि दैविक, आधि भौतिक, आध्यात्मिक र स्थानीय रोगहरूको निदान, चिकित्सा सूत्र र चिकित्साको ज्ञान। कुपोषणजन्य एवं मानस रोग तथा वृद्ध अवस्थाजन्य विशिष्ट व्याधिहरूको कारण, लक्षण र चिकित्साहरूको ज्ञान । पञ्चकर्म, षटक्रियाकाल, रसायन वाजीकरण, नैष्ठिकी चिकित्साको ज्ञान एवं आत्ययिक चिकित्सामा विभिन्न अवस्थाको निदान र चिकित्साको ज्ञान । आधुनिक चिकित्साको विशिष्ट व्यवस्था पद्धतिहरूको ज्ञान ।

### ८) शल्य/शालाक्य

शल्यतन्त्रसम्वन्धी व्रण, शोथ, दग्ध, सद्योव्रण, अर्बुद, अस्थिभग्न, सन्धिच्युतको नैदानिक ज्ञान । अष्टविध शल्यकर्म आदिको ज्ञान । क्षारकर्म, सन्धानकर्म, रक्तमोक्षण आदिको ज्ञान । संस्थानगत आयुर्वेद एवं आधुनिक शल्यकर्महरूको आधारभूत ज्ञान । शल्यमा प्रयोग हुने यन्त्र–शस्त्रहरू एवं तिनीहरूको निर्जीवीकरण (Sterilization) गर्ने विधिको ज्ञान । ऊर्ध्वजत्रुगत जस्तै मुख, नेत्र, कर्ण, नासा एवं शिरोगत रोगहरूको कारण, निदान, लक्षण र चिकित्साको ज्ञान । क्रियाकल्प एवं राष्ट्रियस्तरको अन्धोपन निवारण आदि आयोजनाहरूको ज्ञान ।

## ९) स्त्री–प्रसूति एवं बालरोग

प्रसूतिसंग सम्बद्ध गर्भ, गर्भधारण, वीज, वृद्धि, प्रसवकर्म, सूतिकाव्याधि आदिको उपचार व्यवस्थाको ज्ञान। स्त्रीरोगहरू, योनिव्यापदको निदान लक्षण र चिकित्साको ज्ञान। मूढगर्भ एवं गर्भ विकृति आदिको ज्ञान।

बालरोग– शिशुहरूको क्षीर, क्षीरान्नाद अन्नाद आदि अवस्थाहरूको ज्ञान। बालरोग परीक्षा विधि, बालकहरूमा हुने रोगहरू जस्तै नाभिपाक, मुखपाक, गुदपाक, कुपोषण, कृशता, मलावरोध, छर्दि, अतिसार, ज्वर, क्षीरालसक र प्राणवह स्रोतका रोग। फक्क, यकृतविकृतिजन्य व्याधिहरू, शैशवीय पक्षाघात, दन्तोद्भेदजन्य रोग र अन्य रोगहरूको निदान, लक्षण, चिकित्सा एवं औषधिको मात्रा निरूपण आदिको ज्ञान। पोषण, धात्री परीक्षण, बालग्रहको निदान, लक्षण र उपचार सम्बन्धी ज्ञान। खोप–सिद्धान्त भेद, खोप दिने समय र विधिहरूको ज्ञान। आत्ययिक अवस्थामा रोगीको प्राण बचाउन तत्कालीन आधुनिक औषधि तथा आकस्मिक रूपमा गरिने अन्य उपचार विधिहरूको प्रयोगको ज्ञान।

## १०) स्वास्थ्य सम्बन्धी ऐन, नियमहरू

स्वास्थ्य सेवा ऐन, २०५३
स्वास्थ्य सेवा नियमावली, २०५५
आयुर्वेद चिकित्सा परिषद ऐन, २०४५
सिंहदरवार वैद्यखाना विकास समिति गठन आदेश, २०५१
नरदेवी आयुर्वेद चिकित्सालय विकास समिति गठन आदेश, २०५९
राष्ट्रिय आयुर्वेद स्वास्थ्य नीति, २०५२
आयुर्वेद सम्बन्धी संगठन, शिक्षा र सेवाका स्तरहरूको सामान्य जानकारी

नोटः– प्रत्येक एकाइहरूबाट सोधिने प्रश्नसंख्या निम्नानुसार हुनेछ।

| एकाइ | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रश्न संख्या | १5 | १० | १५ | १५ | १५ | १५ | ३० | 20 | १५ | ० |

यस पाठ्यक्रम योजना अन्तर्गतका विषयका विषयवस्तुमा जेसुकै लेखिएको भए तापनि पाठ्यक्रममा परेका कानून, ऐन, नियम तथा नीतिहरू परीक्षाको मितिभन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधन भई हटाइएका वा थप गरी संशोधन भई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनुपर्दछ।